# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नं : ११२९

मिति:२०७७/०२/३०

विषय: कक्षा संचालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
उमाकुण्ड गाउँपालिका, रामेछाप ।

प्रस्तुत विषयमा कोरोना भाइरस (covid -19) सङ्क्रमणको विशेष परिस्थितिका कारण नियमित रुपमा विद्यालयमा पठनपाठन हुन नसकिरहेको अवस्थामा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्धारा मिति २०७७।०२।१८ को निर्णयानुसार स्वीकृत गरी जारी गरिएको वैकल्पिक प्रणलीबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने सम्बन्धी निर्देशिक २०७७ बमोजिम जिरी नगरपालिका, गोकुलगंगा गाउँपालिका र उमाकुण्ड गाउँपालिकाको संयोजन तथा फाडस नेपालको प्रायोजन र जिरी एफ.एमको सहकार्यमा यही मिति २०७७ असार १ गतेदेखि जिरी एफ.एम. ९४ मेजाहर्जबाट कक्षा ४ देखि १० सम्मका विद्यार्थीहरुका लागि विहान ७ बजे देखि ८ बजे सम्म र साँझ ६ बजे देखि ७ बजे सम्म तथा सोही कार्यक्रम रेडियो कैरन ९६.४ मेगाहर्जबाट भोलीपल्ट विहान ९ बजे देखि १० बजे सम्म र साँझ ५ बजे देखि ६ बजे सम्म रेडियो मार्फत कक्षा संचालन हुने भएकोले विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई तपशिल अनुसारको सहजीकरण गर्नु गराउनु हुन जानकारी गराइन्छ ।

**तपशिल:**

१. विद्यालयका प्र.अ.हरुले विषय शिक्षकलाई सम्पर्क गरी आफ्नो क्षेत्रमा रहेका विद्यार्थीहरुलाई रेडियोबाट कक्षा संचालन भइरहेको सम्बन्धमा जानकारी गराई विद्यार्थीहरुलाई उत्प्रेरण गर्न सूचित गर्ने ।
२. रेडियोबाट कक्षा संचालन भइरहेको अवधिभरमा विद्यार्थीहरुले यसबाट के कस्ता लाभ लिइरहेका छन् भन्ने बारेमा विद्यालयका प्र.अ.ले विषय शिक्षकलाई जानकारी लिन लगाई आवश्यक प्रतिक्रिया लिने ।
३) विषय शिक्षकहरुले आफनो स्थानीय क्षेत्रमा रहेका विद्यार्थीहरुलाई रेडियो कक्षाको उपयोगिता र महत्वका बारेमा अवगत गराई रेडियो कक्षा नियमित लिनका लागि उत्प्रेरित गर्ने ।
४) रेडियो कक्षामा विषय शिक्षकहरुद्धारा दिइएका गृहकार्यहरु नियमितरुपले गरे नगरेको बारे आफ्नो क्षेत्र अन्तर्गत रहेका विद्यार्थीहरुलाई विषय शिक्षकहरुले निगरानी गर्ने गराउने ।
५) रेडियो कक्षा लिने विद्यार्थीहरुका अभिभावकहरुलाई समेत विषय शिक्षकले सु-सूचित गराई विद्यार्थीहरुलाई आवश्यक सहजीकरण गर्न अभिभावकहरुलाई उत्प्रेरित गराउने ।

**पुनश्च:** उक्त रेडियो कार्यक्रमको दैनिका कार्यतालिका उमाकुण्ड गाउँपालिकाको वेबसाइट www.umakundamun.gov.np, गाउँपालिकाको फेसवुक पेज, गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको फेसबुक पेज तथा जिरी एफ.एमको फेसबुक पेजमा समेत हेर्न सकिनेछ ।

.............................
ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत